# "Workshop on Audit of NFRS Compliant SMEs" विषयक कार्यक्रम

## १. पोखरा कार्यक्रम

### क. पृष्ठभुमी

लेखापरीक्षणमान बोर्डले मिति २०७९ भाद्र ९, १० र ११ गते टुकी रिसोर्ट पोखरामा Workshop on Audit of NFRS Compliant SMEs विषयक तिन दिने सञ्चालन गरेको थियो । उक्त कार्यक्रमको समुद्घाटनमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पोखरा शाखा संयोजक श्री लक्ष्मण अधिकारी, अडान गण्डकी प्रदेश संयोजक श्री शिवराज बराल तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका चार्टर्ड एकाउन्टेन्ट्स र रजिष्टर अडिटर सदस्यहरु लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पोखरा शाखा संयोजक श्री लक्ष्मण अधिकारी, अडान गण्डकी प्रदेश संयोजक श्री शिवराज बराल लगायतका महानुभावहरुले कार्यक्रमका महत्वका सम्बन्धमा प्रकाश पार्दै मन्तव्य दिनुभएको थियो । सो कार्यक्रममा २ जना श्रोत व्यक्तिहरुले ३ दिनमा १२ शेशनमा आफ्नो प्रस्तुतीकरण मार्फत सहभागिहरुलाई सचेतना प्रदान गर्नु भएको थियो । कार्यक्रममा उपस्थित सम्पुर्ण सहभागीहरुले आआफ्नो लागि ल्यापटप ल्याउनु भएको थियो भने तालिम सामग्री सोहि ल्यापटप तथा प्रोजेक्टर स्क्रिनबाट हेर्दै प्रशिक्षकहरुले दिनु भएको उदाहरण अभ्यास पनि गर्नु भएको थियो । उक्त कार्यक्रमको समापन समारोहमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पोखरा शाखा संयोजक श्री लक्ष्मण अधिकारी, अडान गण्डकी प्रदेश संयोजक श्री शिवराज बरालको उपस्थिति रहेको थियो । ३७ जनाले सहभागिता जनाएको उक्त कार्यक्रमको अन्त्यमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, प्रशिक्षकद्धय बिदुर लुइटेल र प्रविन राज काफ्लेज्युले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रमको व्यवस्थापनका लागि लेखापरीक्षणमान बोर्डमा प्रशासकिय अधिकृत श्री मनोज भट्टराई, उपस्थिति रहेको थियो ।

### ख. कार्यक्रममा सहभागीहरुको चिनारी (Profile)

उक्त कार्यक्रममा ६ जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका (सिए) सदस्यहरु, ३० जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका (रजिष्टर्ड अडिटर) सदस्यहरु र १ जना एकाउन्टिङ टेक्निसिएन गरी कूल ३७ जनाले आफ्नो सहभागिता जनाउनु भएको थियो ।

### ग. श्रोत व्यक्तिहरु :

श्रोत व्यक्तिहरुमा व्यवसायीक लेखाबिज्ञहरु तथा लेखापरीक्षण विज्ञहरु २ जना श्रोत व्यक्तिका रुपमा हुनुहुन्थ्यो । श्रोत व्यक्तिको छनौट उहाँहरुको अनुभव र तालिस सञ्चालन सम्बन्धी विज्ञतालाई आधार लिईएको थियो । निम्न लिखित महानुभावहरु श्रोत व्यक्तिको रुपमा रहनु भएको थियो:

क. श्री प्रविन राज काफ्ले, एफ.सि.ए

ख. श्री बिदुर लुईटेल, एफ.सि.ए.

## पोखरामा सम्पन्न कार्यक्रमका केही झलकहरु














